# बरियारपट्टी गाउँपालिका
## Bariyarpatti Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of The Rural Municipal Executive

बरियारपट्टी, सिरहा
Bariyarpatti, Siraha
मधेश प्रदेश, नेपाल
Madhesh Pradesh, Nepal
www.bariyapattimun.gov.np
ito.bariyarpattimun@gmail.com
9852869000

प.सं. २०७९/०८०
च.नं. ६०

मिति : २०७८/०५/१० गते

श्री वडा कार्यालय सबै (१ देखि ५ सम्म) ,
बरियारपट्टी गाउँपालिका, सिरहा ।

विषय : सूचना टाँस तथा सहजिकरण सम्बन्धमा ।

प्रस्तुत बिषयमा जिल्ला निर्वाचन कार्यालय सिरहा को च.नं. ३७ मिति : २०७८/०५/०८ गतेको प्राप्त पत्र यसै पत्र साथ संलग्न राखिएको छ । सो पत्रबाट व्यहोरा अवगत गरि सोहि बमोजिम गर्न गराउनु हुन अनुरोध छ ।

नोट : श्री जिल्ला निर्वाचन कार्यालयबाट पठाईएको मतदाता नमावली फाईल थान १(एक), मतदाता नामावली अद्यावधिक (दाबी बिरोध समेत) कार्यक्रम, २०७८ को जि.नि.का.को सूचना पाना १(एक) र वडा कार्यालयहरूमा प्रकाशन गर्नुपर्ने अनूसुचि (२) बमोजिमको सूचना पाना १(एक) यसै पत्र साथ संलग्न छ ।

०५/१०
राजगिर महतो
प्रमुख प्रशासकिय अधिकृत
बरियारपट्टी गाउँपालिका, सिरहा

बोधार्थ :
श्री जिल्ला निर्वाचन कार्यालय, सिरहा

निर्वाचन आयोग
**जिल्ला निर्वाचन कार्यालय**
**सिरहा**

**Email**:deo.siraha@election.gov.np
sirahadeo@gmail.com
**Phone**: 033-520265

प.स.२०७९/०८०

च.न :36..........

**मिति** :- २०७९/०५/०९

**विषय :- सूचना टाँस तथा सहजिकरण सम्बन्धमा ।**

**श्री स्थानीय तह, सबै,**

**सिरहा ।**

प्रस्तुत विषयमा संवत् २०७९ मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि आयोगले मतदाता नामावली अद्यावधिक गरी अन्तिम मतदाता नामावली तयारी गर्ने कार्य प्रारम्भ गरेको छ । सो प्रयोजनको लागि संवत् २०७९ श्रावण १९ गतेसम्म मतदाता नामावलीको लागि नाम संकलन भई संवत् २०७९ मंसिर ३ गतेसम्म अठार वर्ष उमेर पुगेका व्यक्तिहरुको मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७८ मिति २०७९।०५।१२ देखि मिति २०७९।०५।१९ सम्म संचालन हुने सन्दर्भमा ताँहा कार्यालयमा पठाइएको मतदाता नामावली मिति २०७९/०५/११ गते भित्र प्रत्येक वडा कार्यालयहरुमा पठाउने व्यवस्था मिलाईदिनु हुनका साथै सो कार्यक्रम सम्बन्धि सूचना टाँस तथा मतदाता नामावली मिति २०७९/०५/१२ गते कार्यालय समयभित्र प्रकाशन गर्ने व्यवस्था समेत मिलाई कार्यक्रम कार्यान्वयनमा सहजीकरण गरिदिन हुन अनुरोध गरिन्छ ।

**नोट : मतदाता नामावली अद्यावधिक ( दाबी विरोध समेत ) कार्यक्रम, २०७९ को जि.नि.का.को सूचना पाना १ (एक) र वडा** कार्यालयहरुमा **प्रकाशन गर्नुपर्ने अनुसूची (२) बमोजिमको सूचना पाना १(एक) यसै पत्रसाथ संलग्न छ ।**

2079/05/09
.........................
( इन्दीरा यादव )
जिल्ला निर्वाचन अधिकारी

**इन्दीरा याद**
**जिल्ला नि**

सूचना ।    सूचना ।।    सूचना ।।।

संवत् २०७९ मंसिर ४ गते एकै चरणमा सम्पन्न हुन गइरहेको **प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि अन्तिम** मतदाता नामावली तयारी गर्ने प्रयोजनको लागि मतदाता नामावली अद्यावधिक (दाबी बिरोध समेत) कार्यक्रम, २०७९ कार्यान्वयनको लागि प्रत्येक वडा कार्यालयमा मतदाता नामावली मिति २०७९।०५।१२ गते प्रकाशन गरिनेछ । सो नामावलीमा आफ्नो नाम भए/नभएको यकिन गरी मिति २०७९।०५।१३ देखि मिति २०७९।०५।१५ गतेसम्म सो नामावलीमा रहेको त्रुटी सच्याउन दोहोरो हटाउन, झुट्टा विवरण दिई दर्ता गराएको भए सो को बिरोधमा उजुरी दिन एवम् मिति २०७९।०५।१३ देखि मिति २०७९।०५।१६ सम्म प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन सूचना दिन सकिने व्यहोरा सर्वसाधारणको जानकारीको लागि अनुरोध छ । जिल्ला निर्वाचन कार्यालय, सिरहामा वा कार्यालयको इमेल ठेगानाः deo.siraha@election.gov.np मार्फत निवेदन दिई मतदाता नामावली अद्यावधिक कार्यमा सहयोग गर्नुहुन सबैमा अनुरोध छ ।

2065/05/09

**जिल्ला निर्वाचन कार्यालय**

**सिरहा ।**

इन्दीरा यादव
जिल्ला निर्वाचन अधिकारी

निर्वाचन आयोग, नेपाल

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय .......

मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७८ देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.सं. | क्रियाकलाप | देखि | सम्म | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७८/११/१९ | २०७८/११/१९ | मतदाता नामावली ऐन, २०७३ को दफा १३ | सम्बन्धित वडा कार्यालय र प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| २ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने | २०७८/११/२० | २०७८/११/२२ | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धीत मतदाता वा निजको परिवारको सदस्य |
| ३ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | २०७८/११/२० | २०७८/११/२२ | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि व्यक्ति |
| ४ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तह वा फरक फरक स्थानीय तह वा एकै जिल्ला भित्रको भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने) | २०७८/११/२० | २०७८/११/२२ | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | २०७८/११/२० | २०७८/११/२३ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै व्यक्ति |
| ६ | बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | २०७८/११/२० | २०७८/११/२३ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय |
| ७ | क.सं ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०७८/११/२० | २०७८/११/२४ | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८ | क.सं. ५ बमोजिम प्राप्त सूचना र क.सं. ६ बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । | २०७८/११/२० | २०७८/११/२४ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| ९ | सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाई सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउने । | २०७८/११/२३ | २०७८/११/२४ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| १० | क.सं. ३ बमोजिम परेको उजुरी र क.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारीले निर्णय गर्ने । | २०७८/११/२४ | २०७८/११/२५ | | | प्रमुख नाम दर्ता अधिकारी |
| ११ | क.सं. २ बमोजिम परेका निवेदन बमोजिम जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने | २०७८/११/२५ | २०७८/११/२५ | | | प्रमुख नाम दर्ता अधिकारी |
| १२ | क.सं. ११ बमोजिम त्रुटि सच्याइएको र क.स. ४, ८, ९ र १० बमोजिम नाम हटाइएको सूचना निर्वाचन कार्यालयमा प्रकाशन गर्ने | २०७८/११/२५ | २०७८/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १८(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १३ | क.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | २०७८/११/२६ | २०७८/११/२६ | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |